# DAILY NEWSLETTER

सर्वगुण Investor's Club..

As of APRIL 30, 2026

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

## नेप्से लगातार तेस्रो दिन घट्यो, २०० दिने सपोर्टमा बजारको परीक्षा




नेप्से परिसूचकले महत्वपूर्ण २७०० सपोर्ट क्षेत्रबाट रियाक्सन दिन खोजे पनि माथिल्लो स्तरमा पुनः बिक्री दबाब सामना गरेको छ । कारोबारका क्रममा सूचक २७१० सम्म झरेको थियो भने २७४५ सम्म उक्लिएको थियो । अन्त्यमा नेप्से २७३८ विन्दुमा बन्द हुँदा कारोबार रकम ४ अर्ब रुपैयाँभन्दा माथि कायम रह्यो ।

प्राविधिक रूपमा बजारले २०० दिने मूभिङ एभरेज आसपास सपोर्ट लिएको संकेत देखिए पनि माथिल्लो स्तरमा खरिद दबाब टिक्न सकेन । दिनभर बजारमा उतारचढाव देखिए पनि अन्तिम समयमा पुनः बिक्री चाप बढ्दा सूचक कमजोर बन्द भएको हो ।

### प्राविधिक विश्लेषण

| | |
|---|---|
| 20D MA | वजार २०D MA भन्दा BELOW छ। |
| MACD | नेप्सेमा हाल MACD मा Buying (NEGATIVE) देखिएको छ। |
| RSI | RSI 40 पुगेको देखिन्छ। |

| | |
|---|---|
| Support | 2700 |
| Resistance | 2800 |

बजारले दिनको सुरुवात ग्यापडाउनबाट गरेको थियो र बिहान ११:२१ बजे डे–लो बनाएको थियो। त्यसपछि बैंकिङ र जलविद्युत समूहमा देखिएको खरिद चापले सूचकलाई माथि ताने पनि अन्तिम समयमा पुनः बिक्री दबाब बढ्दा बजार सुधार कायम राख्न सकेन। शीर्ष १० ब्रोकरमध्ये ७ ब्रोकर नेट सेलर देखिनुले बजारमा ठूला लगानीकर्ताको दबाब अझै कायम रहेको संकेत गरेको छ।

बैंकिङ तथा जलविद्युत समूहमा केही खरिद चाप देखिए पनि समग्र बजार sentiment अझै कमजोर देखिएको छ । अब बजारका लागि २७०० क्षेत्र महत्वपूर्ण सपोर्टको रूपमा रहनेछ । यदि यही क्षेत्रबाट बलियो भोल्युमसहित रिबाउन्ड आउँछ भने बजारले पुनः सकारात्मक गति लिन सक्छ, अन्यथा आगामी कारोबारमा थप दबाब देखिन सक्ने सम्भावना रहनेछ ।

नेप्से अहिले महत्वपूर्ण प्राविधिक सपोर्ट क्षेत्रमा पुगेको छ। बजारले यही स्तरबाट बलियो रिबाउन्ड दिन सकेमा लगानीकर्ताको आत्मविश्वास फर्किन सक्छ। अन्यथा लगातार बिक्री दबाबले बजारलाई थप तल धकेल्ने जोखिम अझै कायम रहेको देखिन्छ।


9709043043

www.sarbaguna.com

sarb.agun

sarbaguna.investm

Sarbaguna Investment